# सर्वोच्च अदालतबाट जारी भएको
# स्थायी लेखा नम्बर (PAN) र फोन नम्बर उपलब्ध गराउने सम्बन्धी
# अत्यन्त जरुरी सुचना

चालु आ.व. २०७७।०७८ देखि नेपाल सरकारबाट देशभरका सरकारी कार्यालयहरुमा Computerised Government Accounting System (CGAS) अनिवार्य लागु गरेको र सो System बाट तलब, भत्ता, पारिश्रमिक लगायतका सबै प्रकारका रकम भुक्तानी गर्न PAN No. (स्थायी लेखा नम्बर) र फोन नं. अनिवार्य भएको हुँदा PAN No. बनाउनु भएका स्थायी कर्मचारीहरुले ३ (तीन) दिनभित्र आफ्नो **नाम, पद, कर्मचारी संकेत नं., PAN No., Mobile No.** सहित र करारमा कार्यरत कर्मचारीहरुले आफ्नो **नाम, पद, PAN No., Mobile No.** उल्लेख गरी SMS मार्फत् मोबाइल नं. ९८५२८३५०५६ मा पठाइ दिनु हुन जानकारी गराइन्छ। **PAN No.** बनाउन बाँकी हुने कर्मचारीहरुले अबिलम्ब बनाई पेश गर्नु हुन अनुरोध गरिन्छ। **PAN No.** उपलब्ध नगराएसम्म तलब, भत्ता, पारिश्रमिक लगायत कुनैपनि प्रकारको भुक्तानी नहुने ब्यहोरा अनुरोध छ। साथै थप जानकारीका लागि प्रशासन शाखा वा आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नु हुनसमेत अनुरोध गरिन्छ।

प्यान कार्ड (PAN Card) बनाउनको लागि अनलाइनबाट आवेदन दिने प्रक्रिया देहायबमोजिम छ : सबैभन्दा पहिला आन्तरिक राजस्व विभागको वेबसाइट www.ird.gov.np मा जानुहोस्।

- होम पेजमा भएको Taxpayer Portal मा क्लिक गर्नुहोस्।
- प्यानको लागि दर्ता गर्न पहिला खाता खोल्नुपर्ने हुन्छ।
- खाता खोल्नको लागि Registration (PAN, VAT, EXCISE) मा क्लिक गर्नुहोस्।
- त्यस भित्रको Application For Registration मा जानुहोस्।
    - यसमा भएको Usename मा आफूले सम्झने नाम राख्नुहोस्।
    - Password मा आफूले सम्झिने र अरूले चोर्न गाह्रो हुने पासवर्ड हाल्नुहोस् र Re-password मा त्यही अघि राखेको पासवर्ड राख्नुहोस्।
    - Conatct No.मा सम्पर्क नम्बर र Email-Id मा इमेल ठेगाना लेख्नुहोस्।
    - कुन कार्यालयबाट प्यान नम्बर लिने हो सो ठेगाना IRO Name मा आ.रा.का. पुतलीसडक छान्नुहोस ।
    - यो सबै भरेपछि OK बटनमा थिच्नुहोस्।
- यति गरेपछि Submission Number आउँछ।
    - यही Username र Password तपाईंले आन्तरिक राजस्व विभागको अन्य E-SYSTEM हरू मा पनि प्रयोग हुन्छ। त्यसैले आफ्नो Username, Password र Submission Number सुरक्षित राख्नुहोस्।
- Submission Number आएपछि Continue मा थिच्नुहोस्।

- यहाँ दिइएका आवश्यक व्यक्तिगत विवरण, फोटो र परिचयपत्र (नागरिकता वा पासपोर्ट) को विवरण भर्नुहोस्।
- कुनै विवरण थाहा नभएर पछि भर्नुपर्ने भए Save गर्नुहोस्।
    - यस्तो गर्दा पछि Username, Password र Submission Number हालेर लग इन गरेर फेरी विवरण भर्न सकिन्छ।
- विवरण भरेर ठिक छ छैन जाँच्नलाई रुजु गरेपछि Save गरेर Submit मा क्लिक गर्नुहोस्।
    - Submit गरिसकेपछि कुनै विवरण गलत भए पनि मिलाउन पाइन्न। त्यसैले Submit गर्नु अघि नै सबै विवरण राम्रोसँग हेर्नुहोला।
- त्यसपछि प्रिन्टमा थिचेर विवरण प्रिन्ट गर्नुहोस्। सोही प्रिन्ट लिएर सो को scan copy वा Hard Copy यस अदालतको प्रशासन शाखामा वुझाउनुहोस् ।

आवश्यक कागजात :

व्यक्तिका लागि

- नागरिकताको फोटोकपी
- पासपोर्ट साइज फोटो/

प्यानमा दर्ता हुन कुनै शुल्क लाग्दैन।

स्रोत : आन्तरिक राजस्व विभागले PAN को बारेमा दिएको जानकारी।

2076/10/08

प्रशासन महाशाखा